आठबिसकोट नगरपालिकाको ६६ औं नगर कार्यपालिकाको बैठक मिति २०७८ पुस २७ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो। उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो।

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोर्ख बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री गीता नेपाली | नगर उप प्रमुख | |
| ३ | श्री मणि राज शाह | नि. प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री देव बहादुर घर्ती | वडाध्यक्ष-१ | |
| ५ | श्री देव बहादुर घरी | वडाध्यक्ष-२ | |
| ६ | श्री केशरमान वि.क. | वडाध्यक्ष-३ | |
| ७ | श्री बाबुराम विष्ट | वडाध्यक्ष-४ | |
| ८ | श्री प्रजिते कामी | वडाध्यक्ष-५ | |
| ९ | श्री डिल बहादुर सार्की | वडाध्यक्ष-६ | |
| १० | श्री नवराज बुढा | वडाध्यक्ष-७ | |
| ११ | श्री मान बहादर चदारा | वडाध्यक्ष-८ | |
| १२ | श्री तारक बहादुर शाही | वडाध्यक्ष-९ | |
| १३ | श्री गंगाराम चनारा | वडाध्यक्ष-१० | |
| १४ | श्री हस्ते आग्री | वडाध्यक्ष-११ | |
| १५ | श्री खुम्बे कुसारी | वडाध्यक्ष-१२ | |
| १६ | श्री विनोद पुन | वडाध्यक्ष-१३ | |
| १७ | श्री हुकुम बहादुर पुन | वडाध्यक्ष-१४ | |
| १८ | श्री धनाम परीयार | कार्यपालिका सदस्य | |
| १९ | श्री सिता शाह | कार्यपालिका सदस्य | |
| २० | श्री मनकली कामी | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना खड्का | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रेड्का घरी | कार्यपालिका सदस्य | |
| २३ | श्री गोरख बहादुर कामी | कार्यपालिका सदस्य | |
| २४ | श्री आसाराम वि.क. | कार्यपालिका सदस्य | |
| २५ | श्री प्रभा मल्ल वि.क. | कार्यपालिका सदस्य | |

अन्य उपस्थित

| | | | |
|---|---|---|---|
| १ | श्री शेर बहादुर ओली | नायब सुब्बा | |
| २ | श्री ध्रुब प्रसाद लम्साल | लेखा अधिकृत | |
| ३ | श्री जय बहादुर बुढा | प्रशासन सहायक | |
| ४ | श्री गणेश बहादुर थापा | लेखापाल | |
| ५ | श्री तस्वीर परियार | कार्यालय सहयोगी | |
| ६ | [illegible] कुमार | [illegible] | |
| ७ | [illegible] आचार्य | [illegible] | |
| ८ | राजेश गौतम | इन्जिनियर | |

**६६ औं नगर कार्यपालिका बैठक (२०७८।०९।२७ गते) का निर्णयहरु :**

१. यस नगरपालिकाबाट आ.व. २०७९।०८० का लागि संघिय सरकारको समपूरक अनुदान अन्तरगत गत आर्थिक वर्षका क्रमागत आयोजनाहरुलाई निरन्तरताको लागि माग गर्दै थप देहाय बमोजिमका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंमा माग गरि पठाउने निर्णय गरियो ।

| क्र सं | आयोजनाको नाम | आयोजना सञ्चालन हुने ठेगाना |
|---|---|---|
| १. | **सुल्कीवाङ्ग देखि स्याला साझेबगर हुँदै वारिङ्गे सडक निर्माण** | आठबिसकोट नगरपालिका-१, २ र ३ , रुकुम (पश्चिम) |
| २. | **४,५ र ६ नं. वडाको कार्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका- ४, ५ र ६, रुकुम (पश्चिम) |
| ३. | **७,८ र ९ नं. वडाको कार्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका-७, ८ र ९, रुकुम (पश्चिम) |
| ४. | **१०, ११ र १२ नं. वडाको कार्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका-१०, ११ र १२, रुकुम (पश्चिम) |

२. यस नगरपालिकाबाट आ.व. २०७९।०८० का लागि संघिय सरकारको विशेष अनुदान अन्तरगत गत आर्थिक वर्षका क्रमागत आयोजनाहरुलाई निरन्तरताको लागि माग गर्दै थप देहाय बमोजिमका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंमा माग गरि पठाउने निर्णय गरियो ।

| क्र सं | आयोजनाको नाम | आयोजना सञ्चालन हुने ठेगाना |
|---|---|---|
| १. | **आठबिसकोट नगर : पोषणमैत्री सहर** | आठबिसकोट नगरपालिका, रुकुम (पश्चिम) |
| २. | श्री गोरखनाथ आधारभुत विद्यालय, पाटागाँउ, श्री ज्ञानोदय माध्यमिक विद्यालय, चौतारा, श्री सरस्वती माध्यमिक विद्यालय, मिग्री, श्री कालिका आधारभुत विद्यालय, मन्कावगर, श्री मालिका आधारभुत विद्यालय, छिमीको **विद्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका- ३, ४, ५ र ६, रुकुम (पश्चिम) |
| ३. | श्री जनज्योती आधारभुत विद्यालय, डाँफे श्री लोककल्याण आधारभुत विद्यालय, सन श्री भानुभक्त आधारभुत विद्यालय, औलीगाँउ श्री सिर्जना आधारभुत विद्यालय, घर्तीगाँउ श्री कमल आधारभुत विद्यालय, हर्दिगाँउको **विद्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका-७, ८ र ९, रुकुम (पश्चिम) |
| ४. | श्री जनजागरण माध्यमिक विद्यालय, श्री सरस्वती आधारभुत विद्यालय, फर्साचौर, गाँउबारी श्री जनविकास मा.वि., टाकुराको **विद्यालय भवन तथा पूर्वाधार निर्माण** | आठबिसकोट नगरपालिका-१३ र १४, रुकुम (पश्चिम) |



आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

३. यस नगरपालिकाबाट आ व २०७९।०८० का लागि कर्णाली प्रदेश सरकारको समपूरक र विशेष अनुदान अन्तरगत देहाय बमोजिम उल्लिखित आयोजनाहरु छनौट गरि कर्णाली प्रदेश योजना आयोग, सुर्खेतमा लेखी पठाउने निर्णय गरियो।

क. कर्णाली प्रदेश समपूरक अनुदान अन्तरगत छनौट भएका आयोजनाहरु:

| क्र सं | आयोजनाको नाम | आयोजना सञ्चालन हुने ठेगाना |
|---|---|---|
| १. | १ नं वडा कार्यालय भवन निर्माण | आठविसकोट नगरपालिका-१, रुकुम (पश्चिम) |
| २. | २ नं वडा कार्यालय भवन निर्माण | आठविसकोट नगरपालिका-२, रुकुम (पश्चिम) |
| ३. | ३ नं वडा कार्यालय भवन निर्माण | आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम) |
| ४. | ल्याण्डफिल साइट निर्माण | आठविसकोट नगरपालिका-११, रुकुम (पश्चिम) |

ख. कर्णाली प्रदेश विशेष अनुदान अन्तरगत छनौट भएका आयोजनाहरु:

| क्र सं | आयोजनाको नाम | आयोजना सञ्चालन हुने ठेगाना |
|---|---|---|
| १. | हिमालय मा.वि. खदी २ तले ८ कोठे भवन निर्माण | आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम) |
| २. | महादेव आ.वि. रोकाजा २ तले ४ कोठे भवन निर्माण | आठविसकोट नगरपालिका-१, रुकुम (पश्चिम) |
| ३. | राडीज्यूला वृहत खानेपानी आयोजना निर्माण | आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम) |

आजको बैठक २०७८ पुस ३० गतेसम्मका लागि स्थगित गरियो।

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

६६ औं नगर कार्यपालिकाको दोस्रो बैठक (२०७८।०९।३० गते) का निर्णयहरु :

१. यस नगरपालिकाको आ व २०७८।०७९ को बजेट देहाय बमोजिम संशोधनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

| क्र सं | घटाउने | रकम | बढाउने | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पानेकोट फिल्ड निर्माण | १,००,०००।०० | भिडियो डकुमेन्ट निर्माण | २,००,०००।०० | वडा नं ६ |
| २ | सार्वजनिक निर्माण | २,००,०००।०० | नविन आ वि वालविकास भवन निर्माण | ५,५०,०००।०० | वडा नं २ |
| | दलित आयआर्जन भवन निर्माण वडा नं २ | ३,५०,०००।०० | | | |
| ३ | महिला भवन तथा गाँउघर क्लिनिक भवन घेरावार | २,००,०००।०० | चर्च भवन घेरावार वडा नं २ | ४,५०,०००।०० | |
| ४ | जनजातिको परम्परागत बाजागाजा खरिद | ३,००,०००।०० | जनजातिको परम्परागत पोसाक खरिद | ४,००,०००।०० | |
| | जनजाति अगुवाको लागि क्षमता अभिवृद्वि तथा स्थलगत भ्रमण अनुगमन | १,००,०००।०० | | | |
| ५ | असहायलाई सपोट | १,००,०००।०० | कार्यालय सञ्चालन खर्च | १,००,०००।०० | वडा नं ३ |
| ६ | तातोपानी धारा मर्मत | ४,००,०००।०० | तातोपानी धरा मर्मत | ४०,०००।०० | वडा नं १२ |
| | | | खेलकुद मैदान निर्माण | १,००,०००।०० | |
| | | | पोखरा खानेपानी मर्मत | १,००,०००।०० | |
| | | | पुजाखोला जालछरा सडक निर्माण | ६,४०,०००।०० | |
| | कमेरीखोला सडक | २,००,०००।०० | कुरल लामपुजा सडक | २,००,०००।०० | |
| | स्यानीवार्खु ठुलीवार्खु सडक | ८,३०,०००।०० | स्यानी वार्खु ठुलीवार्खु खानेपानी मर्मत तथा पाइप खरिद | ३,००,०००।०० | |
| | | | जनकल्याण आ वि बल्दे सोलार तथा कार्यालय व्यवस्थापन | ५०,०००।०० | |
| ८ | वडा स्तरिय योजनाको अनुगमन मुल्याङ्कन खर्च | ३०,०००।०० | लक्षित वर्गका विविध कार्यक्रम | ३०,०००।०० | वडा नं ९ |
| ९ | बालकल्याण मा.वि. कम्प्युटर व्यवस्थापन | २५,०००।०० | | | |



आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कमल आ.वि. मर्मत | ५०,०००।०० | सिँचाई आयोजना | १,३७,०००।०० | वडा नं ९ |
| ११ | धार्मिक साँस्कृतिक क्षेत्र | ३०,०००।०० | | | |
| १२ | जनचेतना आ वि मर्मत | ३२,०००।०० | | | |
| १३ | कृषि तथा पशु सेवा औषधी खरिद तथा वितरण | १०,०००।०० | गिजा खहरे सिँचाई | १०,०००।०० | |

२. वडा नं ९ र १२ को प्रधामन्त्री रोजगार कार्यक्रम अन्तरगतको योजना देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र सं | घटाउने | रकम | बढाउने | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पिपलचौतारा देखि राडीपुल ढल निकास | ५,७७,०००।०० | रोटे देखि राडिपाखा कृषी सडक निर्माण | ५,७७,०००।०० | वडा नं ९ |
| २ | क्रिश्चियन प्रतिक्षालय निर्माण | १,१५,४००।०० | क्रिश्चियन प्रतिक्षालयको फिल्ड निर्माण | १,१५,४००।०० | वडा नं १२ |

३. यस नगरपालिकाको आ व २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको नगर स्तरिय राष्ट्रपति रनिङ शिल्ड मिति २०७८ फाल्गुन २३ गते देखि आयोजना गर्ने निर्णय गरियो ।

४. आठविसकोट नगरपालिकाको **११औं नगर सभा** मिति २०७८ फाल्गुन २५ र २६ गते आयोजना गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाका गरिव विपन्न नागरिकहरुको नि:शुल्क स्वास्थ्य विमा शिर्षकमा विनियोजित रकमबाट वडा कार्यालयहरुबाट सिफारिस भएका नागरिकहरुको स्वास्थ्य विमा गरिदिने र बाँकी रकम आठविसकोट नगर अस्पतालमा यस नगरपालिकाका गरिव विपन्न असहाय नागरिकहरुको उपचार, विमा लगायतका शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

६. श्री जिलिङ्गा वालविकास केन्द्र, आठविसकोट नगरपालिका १२, रुकुम पश्चिमलाई वडा कै बजेटबाट सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन गर्ने गरी अनुमती दिन वडा कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

७. यस नगरपालिकाको कार्यालय तथा नगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा आफ्नो सेवा जडान गरी सेवा प्रवाह गरिरहेको World link, Communications LTD. को आ व २०७७।०७८ को सेवा सञ्चालन वापतको रकम गत आ व मा नै यस नगरपालिकाको कार्यालयबाट भुक्तानी भएकोमा विविध कारणवश चेक सटही हुन नसकी पुन: चेक बनाइ पाउन यस कार्यालयमा परेको निवेदन अनुसार सो सेवा प्रदायक संस्थालाई सेवा प्रवाह शुल्क वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

८. श्री ज्ञानोदय माध्यमिक विद्यालय चौतारा र श्री चित्रीपाटन आधारभुत विद्यालय गोतामकोटको जग्गा खरिद प्रक्रिया अघि बढाई सो को भुक्तानी **मा वि साजेबगर, गोरखनाथ आवि पाटा, ज्ञानोदय मा वि वद्यतारा, सरस्वित मावि मिग्रिमालिका आवि छिमीभानुभक्त आवि औलिगाँउ, सिर्जना आवि घर्तिगाँउ, लोककल्याण आवि सन, हरि प वि घोरिलास, आवि घाँटीगौरा, जनविकास मावि टाकुरा र फर्साचौर विद्यालय भवन तथा पूर्वाधरा निर्माण** शिर्षकबाट दिने निर्णय गरियो।

९. यस नगरपालिकामा पत्रकारिता क्षेत्रको विकासका लागि १ गाँउ १ पत्रकार उत्पादन गरि आठविसकोट नगरपालिकाको धार्मिक सामाजिक साँस्कृतिक तथा पर्यटकिय क्षेत्रको विकासका लागि आधारभुत पत्रकारिता तालिम सञ्चालन गर्नका लागि यस नगरपालिकाको वार्षिक विकास कार्यक्रम अन्तरगत कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने गरी रु २,०५,०००।०० बजेट विनियोजन गर्ने निर्णय गरियो।

१०. आठविसकोट नगरपालिका छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन २०७८) संशोधन सम्बन्धी प्रस्ताव पारित गरियो।

११. यस नगरपालिकाद्वारा गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि आ व २०७८।०७९ मा छात्रवृत्ति वितरण गर्नका लागि छात्रवृत्ति निर्धारण समितिले पेश गरेको प्रस्ताव स्वीकृत गरि छात्रवृत्ति वितरणको सम्पूर्ण प्रक्रिया अघि बढाउन छात्रवृत्ति छनौट समितिलाई जिम्मा दिने निर्णय गरियो।

१२. यस नगरपालिकाका विद्यालय स्तरीय तालिम सञ्चालन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र मा.वि. तहका स्थायी शिक्षकहरुमध्येबाट तपसिलको विषयमा स्वदेश भित्र रहेका तालिम प्रदायक संस्थामा छात्रवृति कोटामा प्रमुख प्रशिक्षकको रुपमा तालिममा खटाउने निर्णय गरियो।

**तपसिल**

अंग्रेजी गणित

आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| विज्ञान | नेपाली |
| सामाजिक | कम्प्युटर |
| लेखा | |

१३. यस नगरपालिकाको छात्रवृति कोष सञ्चालन कार्यविधि निर्माण गरी यस पछिको नगर कार्यपालिका बैठक समक्ष पेश गर्न देहाय बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
ख. शैक्षिक गुणस्तर केन्द्र प्रमुख – सदस्य
ग. शिक्षा अधिकृत – सदस्य सचिव

१४. यस नगरपालिकाको छात्रवृति सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ को उपदफा १ बमोजिम तपसिल बमोजिमको छात्रवृति छनौट समिति गठन गर्ने निणय गरियो।

- मणि राज शाह -अध्यक्ष
- थलविर ओली -सदस्य
- इन्द्र बहादुर विष्ट -सदस्य सचिव

१५. यस नगरपालिकाको छात्रवृत्ति निर्धारण समिति- २०७४ को दफा ६ को उपदफा १ बमोजिम तपसिल बमोजिमको छात्रवृत्ति निर्धारण समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

क. गोर्ख बहादुर के.सी. -अध्यक्ष
ख. मणि राज शाह -सदस्य
ग. थलविर ओली -सदस्य
घ. केशव बहादुर हमाल -सदस्य
ङ. तारक बहादुर शाही - सदस्य

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

च. गणेश बहादुर थापा -सदस्य
छ. इन्द्र बहादुर विष्ट -सदस्य सचिव

१६. यस नगरपालिकाको ६५औं नगर कार्यपालिका बैठकको निर्णय नं २४ अनुसार अवकास प्राप्त शिक्षक मध्ये केही शिक्षक कर्मचारीहरुले कार्यसम्पादन सुधार गर्ने प्रतिवद्घताका साथ पुनर्वहालीका लागि नगर प्रमुख समक्ष निवेदन दिएकोमा सो बारेमा आवश्यक निर्णय लिन शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय गरियो ।

१७. यस नगरपालिकाको दिपज्योति आ.वि. राडी ज्यूलामा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी बढी भएका कारण प्रा.वि. तह नगर करार स्वयमसेवक दरबन्दी कट्टा गरी कालिका मा.वि. सुन्दरपानीमा कायम गर्ने निर्णय गरियो ।

१८. **GPE को सहयोगमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम** शिर्षकको रकमबाट यस नगरपालिकामा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना महामारी न्यूनीकरण तथा रोकथाम लगायतका कार्यहरु गर्दै वर्षेनी महामारीको कारण प्रभावित भई रहेको पठनपाठनमा सुधार गर्न मनोपरामर्शदाता, स्वास्थ्य सहजकर्ता, पोषण तथा सरसफाई सहजकर्ताहरु नियुक्त गरी विद्यालयहरुमा पठाउने र महामारी न्यूनीकरणका लागि आवश्यक पर्ने स्यानीटाइजर, साबुन, मास्क तथा स्वीकृत अध्ययन सिकाई सामग्री विकास, छपाई तथा वितरण गर्न आवश्यक सामग्रीहरु खरीद गरी नगरपालिकाका सबै विद्यालयहरुमा पठाई पठनपाठन कृयाकलाप सहज बनाउने निर्णय गरियो साथै सो कार्यको लागि **Focal person** को रुपमा गुणस्तर परिक्षण केन्द्रका शिक्षा परिक्षक श्री थलवीर ओलीलाई जिम्मा दिने निर्णय गरियो ।

१९. यस नगरपालिकाको यान्त्रिक उपकरण सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन) को संशोधन सम्बन्धी प्रस्ताव पारित गरियो ।

२०. यस नगरपालिकाका विभिन्न सडकहरुको मर्मत सम्भारका लागि खरिद गरिएको ग्याबिन जालिको भुक्तानी र विपदमा परेका घरहरुको पुनर्निर्माणका लागि आवश्यक पर्ने रकम **विभिन्न शिर्षकमा म्याचिङ्का** लागि छुट्याएको शिर्षकबाट दिने निर्णय गरियो ।

२१. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधी, २०७८ को परिधि भित्र रहेर वडा कार्यालयबाट सिफारिस भई आएका तपसिलमा उल्लेखित कोभिड-१९ का कारण रोजगार गुमाएका अति विपन्न घरपरिवारहरुलाई कार्यविधीमा उल्लेख भए अनुसारको नगद हस्तान्तरणको लागी स्वीकृत गर्ने निर्णय गरियो ।



मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| वडा नं. | नगद हस्तान्तरणका लागी सिफारिस भएका घरधुरी संख्या |
|---|---|
| १ | ३१ |
| २ | ४४ |
| ३ | ४८ |
| ४ | ५३ |
| ५ | ६९ |
| ६ | ५९ |
| ७ | ५५ |
| ८ | ४६ |
| ९ | ९१ |
| १० | ७१ |
| ११ | १२२ |
| १२ | ८४ |
| १३ | ४३ |
| १४ | ७९ |
| अन्य | ५६ |

२२. कृषि क्षेत्र विकास कार्यक्रम अन्तरगत **सामुदायिक कृषि प्रसार सेवाकेन्द्र** यस नगरपालिकाको वडा नं १२ को बगर र वडा नं १४ को बाँकेज्यूलामा स्थापना गर्ने र सो सेवाकेन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक पर्ने कुल लागतको २५% लागत यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

२३. यस नगरपालिकाको वडा नं ११ सिमबजार क्षेत्रको नापी नक्सा अनुसारको जग्गा र भोगचलन अनुसारको जग्गा फरक परि अत्यधिक मात्रमा विवाद सिर्जना भएकोले हाल साविक गराउन जिल्ला नापी कार्यालय, रुकुम (पश्चिम) मा अनुरोध गर्ने निर्णय गरियो ।



मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

२४. कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०७८/०७९, चलानी नं. ८२४ र मिति २०७८/९/१६ को प्राप्त पत्रानुसार यस नगरपालिकाको कार्यालयमा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि खटीने कर्मचारीहरुको थप सुविधा देहाय बमोजिम प्रदान गर्ने निर्णय गरियो ।

क. रोजगार संयोजक -रु. ६०००।०० प्रति महिना

ख. इन्जिनियर -रु. ५०००।०० प्रति महिना

ग. १४ वटा कार्यालयका प्राविधिक कर्मचारीहरु -रु. २८५।७१ प्रति महिना

२५. यस नगरपालिकाको नगर अस्पतालका लागि आवश्यक पर्ने **Vaccine** भण्डारण फ्रीज र **Portable USG** मेसिन खरिद गर्ने निर्णय गरियो ।

२६. यस नगरपालिका अन्तरगत रहेका **गोतामकोट, स्यालखदी आठविसडाँडागाँउ र घेत्मा स्वास्थ्यचौकी**लाई वार्षिक मसलन्द खर्च वापत एकमुष्ट रु २०,०००।०० प्रति संस्था प्रदान गर्ने निर्णय गरियो ।

२७. यस नगरपालिकाको दलित प्रोफाइल निर्माण वापतको रकम **नगर स्तरिय भिडियो प्रोफाइल** निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२८. यस नगरपालिकाको वडा नं १२ मा स्थापना भएको आठविसकोट काष्ठ उद्योगको भौतिक संरचना निर्माणको खर्च र वडा नं १ को स्काभेटर ढुवानी वापतको रकम हाललाई नगरपालिकाको धरौटी खाताबाट रु १,००,००,०००।०० (अक्षेरेपी एक करोड रुपैया मात्र) सापटी लिएर भुक्तानी दिने र सो सापटी रकम आन्तरिक राजस्व / संघ तथा प्रदेशबाट प्राप्त हुने अन्य अनुदानको रकमबाट सोधभर्ना गर्ने निर्णय गरियो ।

२९. यस नगरपालिकाका **विभिन्न सडकहरु मर्मतसम्भार तथा गत आ.व. का भुक्तानी हुन बाँकी रकम** नगरपालिकाको **मर्मतसम्भार कोष र फलफूल प्रवर्द्धन** शिर्षकको रकमबाट सापटी लिएर भुक्तानी दिई आन्तरिक राजस्व वा संघ तथा प्रदेशबाट प्राप्त हुने अन्य अनुदानको रकमबाट सो रकम सोधभर्ना गर्ने निर्णय गरियो।

३०. यस नगरपालिकाको क्षेत्र भित्र रहेका तपसिलमा उल्लिखित सडकहरुको निर्माण कार्य अघि बढाउने र ती सडक निर्माण आयोजनाहरुको निर्माण कार्यका लागि आवश्यक पर्ने बजेट संघिय सरकार तथा कर्णाली प्रदेश सरकार समक्ष माग गरी लेखी पठाउने निर्णय गरियो ।

आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र. सं. | सडक आयोजनाको नाम | ठेगाना | बजेट रु. |
|---|---|---|---|
| १. | बराखोला टराल्ना सडक निर्माण | आठविसकोट नगरपालिका-५, रुकुम (पश्चिम) | ५० लाख |
| २. | धारा मुस्तरा सालागढ सडक निर्माण | आठविसकोट नगरपालिका-१०, रुकुम (पश्चिम) | ५० लाख |

३१. यस नगरपालिकाको वडा नं ९ र ११ को बजार क्षेत्रको खानेपानी तथा सिँचाईको समस्यालाई मध्यनजर गर्दै **राडीज्यूला वृहत खानेपानी तथा सिचाई आयोजना** जिल्ला खानेपानी सिचाँई तथा उर्जा विकास कार्यालय, रुकुम (पश्चिम)सँगको संयुक्त लगानीमा निर्माण कार्य सम्पन्न गर्न यस नगरपालिकाले सम्झौता गर्ने र निर्माण कार्यको लागि सो कार्यालयलाई तत्काल खरिद कार्य अघि बढाउन अनुरोध गर्ने निर्णय गरियो।

३३. रक्षा वर्ल्ड कन्सट्रक्सन फर्म प्रा.लि. आठविसकोट नगरपालिका-१३, रुकुम (पश्चिम) ले आठविसकोट नगरपालिकाको **घ वर्गको** निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी, २०७४ अनुसारको प्रक्रिया पूरा गरेको हुनाले सो प्रा. लि.लाई **"घ"** वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो।

३४. यस नगरपालिकाको ६५औं नगर कार्यपालिकाको **१६ , १७ र १८औ निर्णय**को देहाय बमोजिमका विद्यालयहरुको पूर्वाधार निर्माणका लागि विनियोजित शिर्षक तथा बजेट संशोधन गर्ने निर्णय गरियो।

| क्र.सं. | साविक शिर्षक | बजेट रु. | संशोधित शिर्षक | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | जनकल्याण मा.वि. गोइरी | ३५ लाख | जनकल्याण मा.वि. गोइरी | २० लाख | वडा नं ११ |
| | | | गोइरी झ्यारमखोला सडक निर्माण | १५ लाख | |
| २. | साझेबगर-पहाडा-काँडा सडक | ५० लाख | २ नं वडा कार्यालयको जग्गा खरिद तथा भवन /घेराबार निर्माण | ५० लाख | वडा नं २ |
| ३. | स्वास्थ्य चौकीको जग्गा खरिद तथा फिल्ड निर्माण | ५० लाख | स्याला-माथिगाँउ-थुम सडक निर्माण | ६५ लाख | |
| | स्याला-माथिगाँउ-थुम सडक निर्माण | १५ लाख | | | |
| ४. | श्री राडीज्यूला शिक्षा क्याम्पस | ३५ लाख | श्री राडीज्यूला शिक्षा क्याम्पसको जग्गा खरिद | ३५ लाख | |

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

३५. विश्वव्यापी कोरोना महामारीको सङ्क्रमण रोकथाम तथा न्यूनीकरण गर्न नेपाल सरकारबाट गत आ.व. हरु देखि विभिन्न समयमा भएको लकडाउनका कारण यस नगरपालिकाको वडा नं १, २ र ३ मा रहेका विकट बस्तीका उत्पादन तथा दैनिक ज्यालांदारी गुमाएका गरिव विपन्न घरपरिवारलाई सहुलियत मुल्यमा खाद्यान्न उपलब्ध गराउने नगरपालिकाको नीति अन्तर्गत आ.व. २०७७/०७८ मा नगरपालिकाको वडा नं ३ को खाद्यान्न ढुवानी/भाडा वापतको रु. १,५८,४००।०० (अक्षेरुपी एक लाख अन्ठाउन्न हजार चार सय रुपैया मात्र) र वडा नं १ र २ मा स्थानीय उत्पादनलाई बढावा दिन स्थानीय स्तरमा उत्पादन हुने रैथाने बाली (तिते फापर) सटही गरी रैथाने वाली उत्पादन तथा प्रवर्द्धन गर्न नगरपालिकाले विभिन्न सप्लायर्सहरु मार्फत वडा नं १ र २ का स्थानिय उत्पादकहरुबाट फापर खरिद गर्दा भएको खर्च रकम रु. २,१३,६००।००(अक्षेरुपी दुई लाख तेह हजार छ सय रुपैया मात्र) उपयुक्त शिषर्कबाट भुक्तानी दिने निर्णय गरियो ।

३६. यस नगपालिका क्षेत्र भित्रका देहायमा उल्लिखित विद्यालयहरुले पढ्दै,कमाउँदै कार्यक्रमका लागि तयार गरी यस नगरपालिका समक्ष पेश गरेका कार्यविधीहरु स्वीकृत गरियो ।

क. श्री ज्ञानोदय मा.वि. चौतारा, आठविसकोट नगरपालिका-४, रुकुम (पश्चिम)

ख. श्री सहिद समृती मा.वि. राडी, आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम)

ग. श्री हिमालय मा.वि. खदी, आठविसकोट नगरपालिका-३, रुकुम (पश्चिम)

घ. श्री जनविकास मा.वि. घारीखोला, आठविसकोट नगरपालिका-१०, रुकुम (पश्चिम)

<u>आजको बैठक सौहार्दपूर्ण वातारणमा सम्पन्न भयो ।</u>

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत